# कोरियामा सीपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि, २०८०

मन्त्रालयबाट स्वीकृत मिति : २०८०।११।१६

**प्रस्तावना**ः नेपाली नागरिकलाई दक्षिण कोरियामा सीपयुक्त श्रमिकको रुपमा (ई-७ भिषा प्रणाली मार्फत) रोजगारीको लागि पठाउने कार्यलाई व्यवस्थित, छिटो छरितो र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२क. को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस कार्यविधिको नाम "कोरियामा सीपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "इजाजतपत्र प्राप्त संस्था" भन्नाले ऐनको दफा ११ बमोजिम वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्थाहरुलाई जनाउँछ।

(ख) "ई-७ भिसा प्रणाली" भन्नाले नेपालबाट निश्चित सीपयुक्त कामदारलाई रोजगारीका लागि गणतन्त्र कोरिया लैजाने प्रणाली सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ सम्झनु पर्छ।

(घ) "तालिम सञ्चालन कार्यविधि" भन्नाले वैदेशिक रोगारमूलक सीप विकास तालिम सञ्चालन कार्यविधी, २०७५ सम्झनु पर्छ।

(ङ) "दुतावास" भन्नाले दक्षिण कोरिया स्थित नेपाली दुतावासलाई सम्झनु पर्छ।

(च) "नियमावली" भन्नाले वैदेशिक रोजगार नियमावली, २०६४ सम्झनु पर्छ।

(छ) "प्रतिष्ठान" भन्नाले मन्त्रालय मातहत स्थापना भई सञ्चालनमा रहेको राष्ट्रिय व्यावसायिक तालिम प्रतिष्ठान सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

(झ) "एसोसिएशन" भन्नाले दक्षिण कोरियाको श्रम कानुन अनुसार अन्तरराष्ट्रिय श्रम बजारबाट सीपयुक्त श्रमिक व्यवस्थापन गर्न आधिकारिक रोजगारदाता मार्फत

माग सङ्कलन गर्ने, मागपत्र प्रमाणिकरणमा सहजिकरण गर्ने, प्रवेषाज्ञा सिफारिस गर्ने, सीप परीक्षण एवं आप्रवासी कामदारकालागि आवश्यक कल्याणकारी सेवा तथा कार्यहरु गर्ने प्रयोजनका लागि कानूनी रुपमा दर्ता तथा अनुमती प्राप्त संस्था सम्झनु पर्नेछ।

(ञ) "रोजगार सम्झौता" भन्नाले रोजगारदाता र यस कार्यविधि बमोजिम सीपयुक्त श्रमिकको रुपमा दक्षिण कोरिया जान छनौट भएका नेपाली नागरिकबीच भएको दफा ९ बमोजिमको रोजगार सम्झौता सम्झनु पर्छ।

(ट) "रोजगारदाता" भन्नाले यस कार्यविधि बमोजिम नेपाली श्रमिकलाई रोजगारी प्रदान गर्ने दक्षिण कोरिया स्थित रोजगारदाता कम्पनी सम्झनु पर्छ।

(ठ) "विभाग" भन्नाले वैदेशिक रोजगार विभाग सम्झनु पर्छ।

(ड) "वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली" भन्नाले वैदेशिक रोजगारी सम्बन्धी एकीकृत विवरण सङ्कलन गर्न मन्त्रालयले बनाएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEMIS) सम्झनु पर्छ।

## परिच्छेद-२

## ई-७ भिसा प्रणाली अन्तर्गत श्रमिक छनौटको विधि तथा सम्झौता प्रक्रिया

३. <u>ई-७ भिसा प्रणाली अन्तर्गत कामगर्ने संस्थाहरुको सञ्चालन तथा अनुमति</u>: (१) ई-७ भिसा प्रणाली अन्तर्गत दक्षिण कोरियामा निश्चत सीपयुक्त नेपाली श्रमिक पठाउन ई-७ भिसा प्रणाली सञ्चालन मापदण्ड पूरा गरेका वैदेशिक रोजगारको कार्य गर्न अनुमति प्राप्त नेपाली ईजाजतपत्र प्राप्त संस्थाहरुले नेपाली श्रमिक पठाउन सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको कार्यमा आवश्यक सहजीकरण, भाषा तथा आवश्यक पर्ने सीप प्रशिक्षण सञ्चालन गर्न इच्छुक नेपाली संस्थाहरू प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेको हुनुपर्नेछ।

४. **<u>इजाजतपत्र प्राप्त संस्थाको लागि आवश्यक विशेष योग्यता</u>: दक्षिण कोरियामा** ई-७ भिसा प्रणाली अन्तरगत श्रमिक पठाउने इजाजत प्राप्त संस्थाको विशेष योग्यता देहाय बमोजिम हुनेछः-

क. भाषा र सीपको लागि प्रचलित मापदण्ड बमोजिमको आफ्नै स्वामित्वको तालिम केन्द्र या पूर्णकालिन उपयोग गर्न सकिने गरी करार सम्झौता गरी लिएको तालिम केन्द्र भएको हुनुपर्ने,

ख. माथी खण्ड (क) बमोजिमको भाषा प्रशिक्षण तालिम केन्द्रमा कोरियाली भाषा पढाउने सम्बन्धमा कोरियाली भाषा प्रशिक्षणको आधिकारिक प्रमाणपत्र प्राप्त कम्तीमा २ जना भाषा प्रशिक्षक भएको हुनुपर्ने,

ग. नेपाली ईजाजतपत्र प्राप्त संस्थाले ई-७ भिसा प्रणालीको माग सङ्कलन, प्रमाणिकरण तथा सहजिकरण एव नेपाली कामदारकालागि आवश्यक कल्याणकारी सेवा तथा कार्यहरु गर्ने प्रयोजनकालागि दक्षिण कोरियामा यसै कामकालागि कानूनीरुपमा दर्ता तथा अनुमती प्राप्त संस्था एशोसिएशनसँग सम्झौता गरेको हुनुपर्ने,

घ. माथी खण्ड (ग) अनुमती प्राप्त संस्थाले नेपाली श्रमिक तथा नेपाली ईजाजतपत्र प्राप्त संस्थासँग कुनै शुल्क नलिने सम्झौता भएको हुनुपर्ने,

ङ. कोरियाली रोजगारदाता स्वयंले वा भाषा तथा सीप तालिम प्रदायक संघ संस्थाले नेपालमै आएर भाषा तथा सीप तालिम प्रदान गर्ने भएमा भाषा तथा सीप तालिम दिन सक्ने आफ्नै पूर्वाधार भएको वा नेपाल स्थित कोरियाली भाषा तथा विशिष्टिकृत सीप प्रशिक्षण केन्द्र पूर्णकालिन उपयोग गर्न सकिने गरी करार सम्झौता गरी लिएको हुनुपर्ने,

५. <u>भाषा तथा सीप परीक्षाः</u> (१) ई-७ भिसा प्रणाली अन्तर्गत रोजगारीकालागि गणतन्त्र कोरिया जान इच्छुक नेपाली नागरिकले कोरिया सरकारको सम्बन्धित निकायबाट मान्यता प्राप्त संस्था वा इजाजतपत्र प्राप्त संस्थाबाट सञ्चालन भएको आधारभूत कोरियाली भाषा ज्ञान र पेशागत सीप परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षा उत्तीर्ण गरेका नेपाली कामदारको विवरण इजाजतपत्र प्राप्त संस्थाले विभागलाई उपलब्ध गराउने र यस्तो सूची विभागले अद्यावधिक रुपमा राख्नु पर्नेछ।

६. <u>मागपत्र प्रमाणीकरण र व्यवस्थापनः</u> (१) नेपाली दूतावासले वैदेशिक रोजगार सम्बन्धी मागपत्र जाँचबुझ कार्यविधि, २०७५ मा उल्लिखित व्यवस्थाका अतिरिक्त कोरियाली र अङ्ग्रेजी भाषाका देहायका कागजात समेतको आधारमा रोजगारदाता स्वयं वा रोजगारदाताको तर्फबाट तोकिएको यस कार्यविधिको परिभाषा खण्ड (झ) बमोजिमको संस्थाबाट प्राप्त मागपत्र दुतावासमा प्राप्त भएको १५ दिन भित्र प्रमाणीकरण गर्नुपर्नेछः-

(क) रोजगारदाताको कम्पनी दर्ताको प्रमाणपत्र,

(ख) रोजगारदाता कम्पनीको प्रोफाइल,

(ग) रोजगारदाता कम्पनीको कार्य सञ्चालन अनुमती पत्र,

(घ) प्रतिनिधि भए प्रतिनिधित्वकोलागि वारेसनामा,

(ङ) श्रमिकको तलबमान, सेवा सुविधा, कार्य शर्तहरु, प्रतिबद्धतापत्र तथा रोजगार सम्झौतामा उल्लेख गरिने मुख्य विषय लगायतका विषय समेटिएको संक्षिप्त विवरण।

(२) उपदफा (१) बमोजिम प्रमाणीकरण भएको मागपत्र दूतावासले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली मार्फत विभागमा पठाई सोको जानकारी रोजगारदातालाई गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दुतावासमा प्राप्त मागपत्र प्राप्त भएको मितिले १५ दिनभित्र प्रमाणीकरण नभएमा रोजगारदाताले त्यस्तो मागपत्र प्रमाणीकरणका लागि मन्त्रालय पठाउने र मन्त्रालयले प्रमाणीकरण गरिदिनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कोरियाली रोजगारदाताको तर्फबाट भाषा परीक्षा र सीप परीक्षण समेत निःशुल्क रुपमा नेपालमा नै सञ्चालन गर्ने प्रतिवद्धतासहित मागपत्र प्राप्त भएमा सोको विवरण वैदेशिक रोजगार सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम प्राप्त भाषा परीक्षा र सीप परीक्षण सहितको मागपत्र प्राप्त भएपछि मागपत्र प्रमाणिकरण गर्दाकै बखत तोकिएको भाषा परीक्षा र सीप परीक्षण गर्ने निकायलाई नै भाषा परीक्षा एवं सीप प्रशिक्षण तथा परीक्षणको काम गर्न विभागले अनुमति दिनेछ।

(६) पहिलो पटक मागपत्र पेश गर्दा आफ्ना कागजात पेश गरेको रोजगारदाता कम्पनीले दोश्रो पटक र त्यसपछि मागपत्र पेश गर्दा उदपफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका कागजात पेश गर्नु पर्ने छैन।

७. <u>विज्ञापन तथा दरखास्त सङ्कलनः</u> (१) दफा ६ बमोजिम रोजगारीका मागपत्र प्रमाणीकरण भई आएपछि इजाजतपत्र प्राप्त संस्थाले दफा ५ को उपदफा (३) बमोजिमको सूचीमा रहेका नागरिकलाई दरखास्त दिनको लागि देहायको विवरण खुलाई कम्तीमा पन्ध्र दिनको म्याद दिई दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछः-

(क) माग भएको रोजगारीको पद, सङ्ख्या र पेशागत क्षेत्र,

(ख) कामको विवरण, सुरक्षा तथा स्वास्थ्य जोखिम,

(ग) तलब भत्ता तथा सेवा सुविधा र सामाजिक सुरक्षाको व्यवस्था,

(घ) दरखास्त दिने प्रक्रिया,

(ङ) छनौट प्रक्रिया र अवधिको जानकारी।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना बमोजिम त्यस्तो सूचीमा रहेका इच्छुक उम्मेदवारले इजाजतपत्र प्राप्त संस्थामा दरखास्त दिन सक्नेछन्।

(३) उपदफा (२) बमोजिम परेका दरखास्त तथा दरखास्त साथ प्राप्त कागजात छानबिन गरी संस्थाले योग्य देखिएका उम्मेदवारको दरखास्त स्वीकृत गर्नेछ।

(४) उपदफा (३) बमोजिमको दरखास्त स्वीकृत गर्दा देहायका कुनै एक वा एकभन्दा बढी विषयलाई आधार लिईनेछः-

(क) नेपाली नागरिक भएको,

(ख) शारीरिक तथा मानसिक रुपमा स्वस्थ्य भएको प्रमाण,

(ग) असल चरित्रको भएको भनि नेपाल प्रहरीबाट जारी चारित्रिक प्रमाण,

(घ) लागू पदार्थ वा मादक पदार्थ दुर्व्यसनमा नलागेको प्रमाण,

(ङ) यस कार्यविधिमा उल्लिखित शर्त तथा विज्ञापन प्रकाशन हुँदा तोकिएका शर्तको पालना गरेको।

(५) उपदफा (३) बमोजिम छनौट भएको सूचना सार्वजनिक गर्नुपर्नेछ र यो जानकारी सम्बन्धित व्यक्तिलाई निजले दरखास्तमा उल्लेख गरेको मोबाइल नम्वरमा एस.एम.एस. मार्फत पनि दिने व्यवस्था मिलाउनु पर्नेछ।

८. <u>श्रमिक छनौट प्रक्रियाः</u> (१) इजाजतपत्र प्राप्त संस्थाले श्रमिक छनौट गर्दा पारदर्शी ढङ्गबाट योग्यताक्रमको आधारमा गर्नु पर्नेछ।

(२) ई-७ भिसा प्रणाली अन्तर्गत श्रमिकको छनौट सरकारबाट नै गर्ने भनी रोजगारदाताको तर्फबाट अनुरोध भई आएका मागपत्रहरूको सन्दर्भमा श्रमिकहरूको लागि विज्ञापन, दरखास्त सङ्कलन एवं छनौटको सम्पूर्ण प्रक्रिया विभागमा कोरिया हेर्ने शाखाले सञ्चालन गर्नेछ।

(३) श्रमिक छनौट प्रक्रियालाई सहजीकरण गर्न विभागले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली भित्र ई-७ भिसा प्रणालीकालागि छुट्टै सूचना प्रविधिको मोड्यूल सञ्चालन गर्न सक्नेछ।

९. <u>रोजगार सम्झौताः</u> (१) दफा ८ बमोजिम छनौट भएका श्रमिक र रोजगारदाताबीच प्रचलित ऐन, कानूनको अधीनमा रही रोजगार सम्झौता हुनेछ।

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिम रोजगार सम्झौता गर्दा रोजगारदाताले रोजगार सम्झौताको तीन प्रतिमा हस्ताक्षर गरी रोजगारीको लागि छनौट भएका श्रमिकको हस्ताक्षरको लागि त्यस्तो रोजगार सम्झौतापत्र इजाजतपत्र प्राप्त संस्थामा पठाउनु पर्नेछ।

यस्तो रोजगार सम्झौतामा सीपयुक्त श्रमिकको लागि गणतन्त्र कोरिया सरकारले तोकेको तलबमान, श्रमिकको बीमा, अतिरिक्त समय कार्य गरेबापतको भत्ता, बिदा, उपदान, सामाजिक सुरक्षा र अन्य कल्याणकारी सुविधाहरु रहे नरहेको बारे विभागले यकीन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको रोजगार सम्झौतापत्रको प्रति प्राप्त भए पछि सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाले विभाग अन्तर्गत रहने कोरिया इकाईको समन्वयमा छनौट भएका सम्बन्धित श्रमिकको हस्ताक्षर गराई सो सम्झौताको एक प्रति सम्वन्धित रोजगारदातालाई, एक प्रति सम्बन्धित श्रमिकलाई उपलब्ध गराई बाँकी एक प्रति अभिलेखको लागि वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्नेछ।

## परिच्छेद-३

## विविध

१०. <u>इकाई स्थापना गर्न वा कुनै शाखालाई जिम्मेवारी तोक्न सकिने</u>: यस कार्यविधि बमोजिम श्रमिक छनौट गर्ने सिलसिलामा भाषा तथा सीप परीक्षण एवं अन्य सम्बद्ध कागजातहरूको वैधता जाँच गर्ने लगायत श्रमिक छनौट सम्बन्धी समग्र प्रक्रियालाई व्यवस्थित बनाउने तथा सो सम्बन्धमा अन्य निकायसँग आवश्यक समन्वय गर्ने प्रयोजनको लागि विभागमा रहेको गणतन्त्र कोरिया हेर्ने इकाई वा कुनै शाखालाई सो बमोजिमको जिम्मेवारी तोक्न सकिनेछ।

११. <u>प्रवेशाज्ञा</u>: (१) रोजगार सम्झौता सम्पन्न भएका र कोरियाको प्रचलित नियमानुसार योग्यताको प्रमाणपत्र (Certificate of Eligibility) प्राप्त गरेका श्रमिकको प्रवेशाज्ञा (Visa) को लागि सम्बन्धित इजाजत प्राप्त संस्थाको सिफारिश समेतको आधारमा विभागले नेपाल स्थित दक्षिण कोरियाली राजदुतावासमा सिफारिश गर्नेछ।

(२) उपदफा (१) बमोजिम विभागले गरेको सिफारिसको आधारमा दक्षिण कोरियाको प्रचलित कानून बमोजिम समावेश गर्नु पर्ने कागजात संलग्न गरी सम्बन्धित इजाजतपत्र पाप्त संस्थाले नेपालस्थित कोरियाली दुतावासमा आवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रवेशाज्ञाको लागि सिफारिस गरेको श्रमिकले प्रवेशाज्ञा पाउने वा नपाउने भन्ने विषयमा विभाग जवाफदेही हुने छैन।

१२. <u>स्वास्थ्य परीक्षण:</u> ऐनको दफा ७२ को व्यवस्था बमोजिम नेपाल सरकारबाट यसकामका लागि दर्ता भएका स्वास्थ्य सेवा प्रदायक संस्था वा सरकारी अस्पतालहरु मध्येबाट कोरियाको माग बमोजिमको स्वास्थ्य परीक्षण गरी योग्य रहेको प्रमाण पत्र प्राप्त गरेको हुनुपर्नेछ।

१३. <u>सुरक्षा र संरक्षणः</u> (१) ई-७ भिसा प्रणाली प्रणाली अन्तरगत कोरिया गएका नेपाली कामदारहरूले गर्ने काम, सेवा सुविधा, गुनासो सुनुवाई, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य, कल्याणकारी सेवाहरुको सञ्चालन, श्रम विवादको निरोपण, कार्यस्थल निरिक्षण र कामदारको सम्पर्क विवरण, क्षतिपूर्ति माग दावी तथा परिपूरण सम्बन्धी काम नियमित रुपमा सम्बद्ध एसोसिएशनले गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कामदारको सुरक्षा तथा संरक्षणको कार्य सम्पादन गरेको नियमित प्रतिवेदन कोरियाली अध्यागमन विभाग तथा नेपाली दुतावासलाई उपलब्ध गराउनु पर्नेछ।

(३) दक्षिण कोरियामा कार्यरत कामदारको विशिष्ट अवस्था र कठीनाई बारे श्रमिक उत्पत्ति मुलुकका ईजाजतपत्र वाला मार्फत परिवारलाई समेत गराउनु पर्नेछ।

१४. <u>सीपमूलक तालिमः</u> (१) यस कार्यविधि बमोजिम सीपयुक्त श्रमिकको रुपमा दक्षिण कोरियामा काम गर्न जान चाहने व्यक्तिले तोकिएको सीप बमोजिमको तालिम लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सीप सम्बन्धी तालिम मन्त्रालयको प्रतिष्ठान वा अन्तर्गत र नेपाल सरकारबाट सञ्चालित तालिम केन्द्रहरु वा वैदेशिक रोजगार मुलक तालिम सञ्चालनको अनुमति प्राप्त संस्थाबाट प्राप्त गरेको हुनुपर्छ।

१५. <u>अभिमुखीकरण तालिमः</u> (१) यस कार्यविधि बमोजिम दक्षिण कोरियामा काम गर्न जान रोजगार सम्झौता भई प्रवेशाज्ञा प्राप्त गरेका नागरिकले गणतन्त्र कोरिया प्रस्थान गर्नु अघि अनिवार्य रुपमा अभिमुखीकरण तालिम लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अभिमुखीकरण तालिम मन्त्रालयको प्रतिष्ठान वा अन्तर्गत र नेपाल सरकारबाट सञ्चालित अभिमुखीकरण तालिम केन्द्रहरु वा वैदेशिक रोजगारमा जाने श्रमिकहरुका लागि अभिमुखीकरण तालिम सञ्चालनको अनुमति प्राप्त संस्थाबाट प्राप्त गरेको हुनुपर्छ।

१६. <u>बीमा गराउनु पर्नेः</u> रोजगार सम्झौता भई प्रवेशाज्ञा प्राप्त गरेका नागरिकले ऐनको दफा २६ ले तोकेको बीमाङ्कमा नघट्ने गरी विभागमा सूचीकृत बीमा कम्पनीबाट बीमा गराउनु पर्नेछ।

१७. कल्याणकारी कोष तथा सामाजिक सुरक्षा कोषमा रकम जम्मा गर्नु पर्नेः (१) रोजगार सम्झौता भई प्रवेशाज्ञा प्राप्त गरेका श्रमिकले ऐनको दफा ३२ बमोजिम वैदेशिक रोजगार कल्याणकारी कोष तथा सामाजिक सुरक्षा कोषमा रकम जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम श्रमिकले सामाजिक सुरक्षा कोषमा आवद्ध भएर पहिलो योगदान गरेपछि त्यसपछिको योगदान निरन्तरताका लागि सामाजिक सुरक्षा कोष, ईजाजतपत्रवाला र रोजगारदाताले सहजीकरण गर्नुपर्नेछ।

१८. अनुगमन तथा निरीक्षणः (१) मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले यस कार्यविधिमा उल्लेखित प्रावधानहरुको अधिनमा रही इजाजत प्राप्त गर्ने संस्थाहरुको कार्य सञ्चालन एवं ई-७ भिसा छनौट प्रक्रियाको नियमित अनुगमन एवं निरीक्षण गर्नेछ।

(२) यसरी अनुगमन गर्दा कानून विपरित भएको पाइएमा मन्त्रालयले सो विषयमा आवश्यक छानबिन गरी प्रचलित कानून बमोजिम कारबाही गर्न सक्नेछ।

१९. श्रम स्वीकृति प्रदान गर्नेः रोजगार सम्झौता भई प्रवेशाज्ञा प्राप्त गरेका श्रमिकलाई विभागले श्रम स्वीकृति प्रदान गर्नेछ।

२०. सेवा शुल्क तथा अन्य खर्चः (१) यस कार्यविधि बमोजिम दक्षिण कोरियामा नेपाली नागरिकलाई रोजगारीको लागि कोरिया पठाउँदा लाग्ने हवाइभाडा, बीमा, स्वास्थ्य परीक्षण, कल्याणकारी कोषमा योगदान, सामाजिक सुरक्षा कोषमा योगदान र श्रम स्वीकृतिमा लाग्ने खर्च रोजगारदाताले व्यहोर्ने भनिएकोमा सोही बमोजिम र अन्यको हकमा मन्त्रालयले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम बाहेक श्रमिक पठाउन नेपाली इजाजपत्र प्राप्त संस्था वा त्यसको दक्षिण कोरिया स्थित सम्पर्क शाखा वा दक्षिण कोरिया स्थित सम्बद्ध एसोसिएशनले श्रमिकबाट कुनै प्रकारको शुल्क लिन पाइने छैन।

(३) कोरियाली रोजगारदाताको अनुरोधमा नेपाली सीप तथा भाषा प्रशिक्षण प्रदायक संस्थाले सञ्चालन गर्ने सीप तथा भाषा प्रशिक्षण एवं परीक्षणको शुल्क सम्बन्धित रोजगारदाताले व्यहोर्नु पर्नेछ।

(४) छनौट प्रक्रिया पूर्व नै तोकिएको सीप तालिम प्राप्त गर्न तथा भाषा प्रशिक्षणका लागि श्रमिकले व्यहोरेको विषय यस अन्तर्गत पर्ने छैन।

२१. सम्पर्क बिन्दुः (१) मन्त्रालयको रोजगार व्यवस्थापन सम्बन्धी विषय हेर्ने महाशाखाले सम्पर्क बिन्दुको रुपमा काम गर्नेछ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) यो कार्यविधि कार्यान्वयनमा सहजीकरण गर्नको लागि सम्पर्क बिन्दुले कोरियाली पक्षसँग आवश्यकता अनुसार समन्वय गर्नेछ।

२२. <u>उद्धार तथा क्षतिपूर्ति सम्बन्धमा</u>: यस कार्यविधि अन्तर्गत दक्षिण कोरियामा रोजगारीका लागि जाने नेपाली श्रमिकको शारीरिक तथा मानसिक स्वास्थ्यको कारणले उद्धार गर्नुपर्ने भएमा एवं कुनै पनि कारणले मृत्यु भएमा मृतकको परिवारलाई दिनुपर्ने क्षतिपूर्ति सहित मृतकको शव नेपाल पठाउन लाग्ने खर्च रोजगारदाताले व्यहोर्नु पर्नेछ।

२३. <u>बाधा अड्काउ फुकाउने व्यवस्था</u>: यो कार्यविधि कार्यान्वयनमा द्विविधा वा अस्पष्ट हुन गएमा बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ।